# प्राक्कथन

नेपालमा स्वतन्त्र रेडियोको एक दशक पुग्दा नपुग्दै विभिन्न खालका बहस हुन थालेका छन् । एफएम रेडियोको नेटवर्किङ पछिल्लो समयमा निकै बहसमा आएको विषय हो । यो बहसमा भाग लिन हामीलाई पनि रुचि लाग्यो । अनुसन्धानका क्रममा रेडियो नेटवर्कसम्बन्धी सामग्रीको अध्ययन, रेडियो स्टेसन तथा कार्यक्रम उत्पादन गृहहरूको अवलोकन भ्रमण गरिएको थियो । त्यस्तै यस अभ्यासमा संलग्न तथा असंलग्न दुवै पक्षसँग गरिएको विस्तृत कुराकानी यो अध्ययनको अर्को आधार हो । रेडियो नेटवर्कका सञ्चालक, कार्यक्रम उत्पादन गृहका विभिन्न तहका व्यक्ति, रेडियो आन्दोलनमा सहभागी र यसलाई नजिकबाट नियालिरहेका व्यक्तिहरू कुराकानीका क्रममा समेटिएका थिए । यसै गरी एफएम रेडियोका सञ्चालक, व्यवस्थापक तथा रेडियोकर्मी र श्रोता समूह वा क्लबका प्रतिनिधि, अन्य मिडिया वा पत्रकारको पेशागत सङ्गठनमा आवद्ध व्यक्तिहरू पनि संलग्न थिए । यीमध्ये प्राय: लाई प्रत्यक्ष भेटेर र केहीसँग टेलिफोनमार्फत विस्तृत कुराकानी गरिएको थियो । अध्ययन क्रममा समय उपलब्ध गराउने निम्न व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छौं ।

काठमाडौँभित्र उज्यालो ९० नेटवर्कका गोपाल गुरागाईं, मण्टेश्वरी राजभण्डारी, सुनिल न्यौपाने, सबिन धमला, सोहम सुवेदी र कञ्चन अर्याल; नेपाल एफएम नेटवर्कका हेमबहादुर विष्ट, विष्णुहरि ढकाल, सरोज दाहाल, रामबहादुर रावल, रामचन्द्र महर्जन, बद्री गौतम र सरला गौतम; रेडियो मिर्मिरेका विष्णु सापकोटा र श्रीधर न्यौपाने; इक्वल एक्सेस नेपालका उपेन्द्र अर्याल, पवनप्रकाश उप्रेती, विनय गुरागाईं, विद्या चापागाईं, जया लुइँटेल, मुकुन्द नेपाल, ब्रबिन के.सी. र सङ्गीता बुढाथोकी; एन्टेना फाउण्डेशन नेपालका मधु आचार्य, उदयराज रिजाल, अनिता शिवाकोटी र भानु बोखिम; पानस साउथ एसियाका किशोर प्रधान; सामुदायिक रेडियो सहयोग केन्द्रका रघु मैनाली; सामुदायिक रेडियो प्रसारक सङ्घका मीनबहादुर शाही; अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का प्रेक्षा ओझा र उषा थपलिया; जनहित संरक्षण मञ्च (प्रो पब्लिक) का दीपेश घिमिरे; जागरण मिडिया सेन्टरका जेवी विश्वकर्मा; अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कृष्णहरि देवकोटा; बीबीसी वर्ल्ड सर्भिस ट्रष्टका केदार शर्मा र नारायण श्रेष्ठ; र रेडियो सगरमाथाका घमराज लुइँटेल ।

काठमाडौँबाहिर मोरङमा रेडियो पूर्वाञ्चलका दिलिप काफ्ले; खोटाङमा रूपाकोट रेडियोका टङ्क थापा, भूपराज खड्का र देवान राई; धनुषामा मिथिलाञ्चल एफएमका सन्तोष शर्मा, नवलकिशोर यादव र अजय अनुरागी; जनकपुर एफएमका राजेश कर्ण; जानकी एफएमका अशोक दत्त; रारा बहुमुखी क्याम्पस, धनुषाका प्राध्यापक शिवेन्द्रलाल कर्ण र सुरेन्द्र लाभ; रेडियो मिथिलाका सुजित झा र बबिता ठाकुर; रेडियो टुडेका वृजकुमार यादव र अजित तिवारी; रेडियो जनकपुरका शीतल साह; नेपाल पत्रकार महासङ्घ, धनुषाका सभापति उमेश साह; पर्सामा स्थानीय पत्रकार चन्द्रकिशोर र सुजित महत; रेडियो वीरगञ्जका रञ्जिव पराजुली, रामनारायण कुर्मी र सुनिल गाउँले; गढीमाई एफएमका शत्रुघन नेपाल; इन्द्रेणी एफएमका ध्रुव अधिकारी र रीता आचार्य; नारायणी एफएमका गोविन्द देवकोटा; मकवानपुरमा हेटौँडा एफएमका उज्ज्वल चौँलागाईं, रिपेश दाहाल, आशिष दुलाल, हरि हुमागाईं, सविता वि.क., पूर्णिमा गोले र विनिता महत; नेशनल एफएमका कुमार अधिकारी; रेडियो थाहा सञ्चारका शिव तिवारी; चितवनमा सिनर्जी एफएमका सहन प्रधान र अमर प्रधान; कालिका एफएमका विक्रम पाण्डे, प्रकाश सायमी र विकास देवकोटा; हाम्रो एफएमका नारायण अधिकारी र भोजराज कौडेल; रेडियो त्रिवेणीका रमेश जोशी र राजेश घिमिरे; रेडियो चितवनका कृष्ण गिरी; रेडियो श्रोता क्लव समन्वय समिति, चितवनका सुदिप तिवारी तथा चितवनस्थित स्थानीय पत्रकार एकल सिलवाल र

स्थानीय व्यवसायी माधव शर्मा विडारी; धादिङमा रेडियो धादिङका नारायण सुवेदी; रेडियो लोकतन्त्रका निराजन कोइराला; नवलपरासीमा विजय एफएमका भूमिराज चापागाईं; रुपन्देहीमा बुटवल एफएमका माधव नेपाल; रेडियो लुम्बिनीका गुरुदत्त ज्ञवाली र कृष्ण के.सी.; रेडियो जागरणका शिवजी गायक र विनोद पहाडी; तिनाउ एफएमका रमेश पाण्डे; पाल्पामा रेडियो मदनपोखराका गुणाकर अर्याल; श्रीनगर एफएमका भिमसेन कार्की, किरण कौशल र उज्ज्वल अधिकारी; मुक्तिनाथ एफएमका डुलबहादुर कुँवर; रेडियो पश्चिमाञ्चलका पिताम्बर आचार्य तथा नेपाल पत्रकार महासङ्घ, पाल्पाका सभापति भगवान भण्डारी; स्याङ्जामा आँधिखोला एफएमका रेशमलाल कोइराला र सुशील अर्याल; कास्कीमा माछापुच्छ्रे एफएमका देव क्षेत्री र तरङ्ग एफएमका हिमनिधि लौडारी।

त्यस्तै, कैलालीमा घोडाघोडी एफएमका रामदास चौधरी, मस्तवीर कच्याकङग्रहवा, ध्रुव शाह र राजेन्द्र जोशी; दिनेश एफएमका अमिता कुँवर र सीताराम ओझा; खप्तड एफएमका सञ्जय पन्त र दीपकराज पाण्डे; फूलबारी एफएमका रञ्जिता चौधरी र इश्वर साउद; सामुदायिक रेडियो टिकापुर एफएमका एकेन्द्र तिमिल्सिना तथा स्थानीय पत्रकारहरू मीनबहादुर मेधासी, दीर्घराज उपाध्याय, शिवराज योगी, मनमोहन स्वाँर र प्रकाश शाह; कञ्चनपुरमा शुक्लाफाँटा एफएमका धीरेन्द्र सिनाल र विष्णु अवस्थी; रेडियो महाकालीका खेम भण्डारी र नीतु बडुवाल, वर्दियामा रेडियो गुर्बाबाका पुष्पा चौधरी र माधव चौधरी; सुर्खेतमा बुलबुले एफएमका गणेश हमाल, सुदिप पुरी, चिरञ्जीवी गिरी, कविराज सिंह र मोहनमाया ढकाल; जागरण एफएमका कवीन्द्र केसी; रेडियो भेरी कर्णालीका जेवी सुनार; रेडियो भेरीका गणेश आचार्य; बाँकेमा रेडियो भेरी आवाजका तारा खनाल; भेरी एफएमका हेमन्त कर्माचार्य; बागेश्वरी एफएमका राकेश मिश्र र ओपी श्रीवास्तव; रेडियो जनआवाजका नीलम आरसी र टिकानाथ योगी; कोहलपुर एफएमका प्रेम केसी; दाङमा रेडियो तुल्सीपुरका अर्जुन गिरी र सुशील बस्नेत; इन्द्रेणी एफएमका हेमराज शर्मा; रेडियो स्वर्गद्वारीका दधिराम सुवेदी; मध्यपश्चिम एफएमका टिकाराम उदासी; रेडियो देउखुरीका अशोक यादव र स्थानीय शिक्षक हरि पोखरेल।

यस अनुसन्धानको दौरानमा मार्टिन चौतारीमा रेडियो नेटवर्किङबारे २०६५ भदौ १९ (शीर्षक– स्थानीय रेडियोमा केन्द्रको प्रभाव : रेडियो नेटवर्कका अभ्यास र अनुभव), २०६५ मङ्सिर ५ (शीर्षक– सामुदायिक रेडियोको नेटवर्क किन ?) र २०६५ मङ्सिर १२ (शीर्षक : स्थानीय रेडियोको अवस्था र नेटवर्कको प्रभाव) मा गरी तीनओटा कार्यक्रमहरू गरिए। पहिलो पूरा एकदिनको अन्तर्क्रिया थियो,

जसमा काठमाडौँबाहिरका चारओटा स्टेसनसंवद्ध व्यक्तिहरू (रूपाकोट रेडियोका टङ्क थापा, शुक्लाफाँटा एफएमका धीरेन्द्र सिनाल, रेडियो जनकपुरका शीतल साह र रेडियो पालुङका मनोहर ढकाल) ले आफूहरूले गर्दै आएका अभ्यास र अनुभव पस्केका थिए । त्यसैलाई आधार बनाएर रेडियो नेटवर्किङको अभ्यास र प्रभावबारे अन्तर्क्रिया गरिएको थियो । सामाजिक संवादका लागि सहकार्य (एएसडी) को आर्थिक सहयोगमा सम्पन्न यस कार्यक्रमले हाम्रो यो अनुसन्धानको अवधारणालाई थप प्रस्ट बनाउन सहयोग पुऱ्याएको थियो । दोस्रो र तेस्रो कार्यक्रम भने मार्टिन चौतारीले आयोजना गर्ने नियमित छलफलमा राखिएको थियो । दोस्रो छलफलमा रेडियो सगरमाथाका घमराज लुइँटेल तथा रेडियो मदनपोखराका गुणाकर अर्याल वक्ताका रूपमा निम्त्याइएका थिए । तेस्रो छलफल भने अनुसन्धानमा संलग्न हामी तीन जनाको प्रस्तुति थियो । यो प्रारम्भिक नतिजा प्रस्तुत गर्ने र थप सुझावहरू लिने हिसाबले आयोजना गरिएको थियो । तीनओटै कार्यक्रमहरू अनुसन्धानका लागि निकै फलदायी थिए । हामी कार्यक्रमका वक्ता, सहभागी, तथा पहिलो अन्तर्क्रियाका लागि आर्थिक सहयोग दिने एएसडीलाई धन्यवाद दिन्छौँ ।

प्रत्यूष वन्त, रमेश पराजुली, शेखर पराजुली र गोपाल गुरागाईंले पुस्तकको सम्पूर्ण मस्यौदा तथा मधु आचार्यले दोस्रो अध्याय, पढी टिप्पणी र सुझाव दिए । मोहन मैनालीले पाण्डुलिपि सम्पादन गरिदिए । लेआउट तथा कभर डिजाइन किशोर प्रधानले गरे भने अनुक्रमणिका बनाउन कैलाश राई, प्रभाकर गौतम, रश्मि डङ्गोल, रमिता महर्जन र बुद्ध श्रेष्ठले साथ दिए । मध्य र सुदूरपश्चिमको अनुसन्धान भ्रमणमा विक्रम शेरचनको सहयोग थियो । उल्लिखित सबै प्रति हामी अनुगृहित छौँ ।

यो अनुसन्धान तथा पुस्तक प्रकाशनका लागि डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) अन्तर्गत मानवअधिकार र असलशासन सल्लाह एकाइ (DanidaHUGOU) ले आर्थिक सहयोग गरेको हो । सो सहयोगका लागि उक्त संस्था र त्यहाँका उप-कार्यक्रम संयोजक मुरारि शिवाकोटीलाई धन्यवाद छ ।

**लेखकहरू**